## प्रस्तावहरुः

२०७८।०७९-१०।०१ गाउँपालिका स्थापना दिवश(२०७८ फाल्गुण २३ देखी २८ गतेसम्म) सम्बन्धमा ।

२०७८।०७९-१०।०२ विभिन्न समितिहरु गठन गर्ने सम्बन्धमाः
रूपा गाउँपालिका गाउँ शिक्षा समिति, स्थानीय बाल अधिकार समिति, रूपा गाउँपालिका खेलकुद विकास समिति, रूपा गाउँपालिका युवा परिषद्।

२०७८।०७९-१०।०३ विद्यालय अनुदानको लागी विद्यालय छनौट गर्ने सम्बन्धमाः
विज्ञान प्रयोगशाला निर्माण, पुस्तकालय निर्माण, ICT प्रयोगशाला निर्माण, उत्कृष्ठ विद्यालय अनुदान, कार्यसम्पादनमा आधारित अनुदान ।

२०७८।०७९-१०।०४ बजेट रकामान्तर सम्बन्धमा ।

२०७८।०७९-१०।०५ कृषि शाखा भवन निर्माणको लागी जग्गा उपलब्ध गराउने सम्बन्धमा

२०७८।०७९-१०।०६ कृषि टनेल प्लाष्टिक खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा।

२०७८।०७९-१०।०७ विविध।

## निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०७८।०७९-१०।०१**

प्रस्ताव नं २०७८।०७९-१०।०१ माथी छलफल गर्दा रूपा गाउँपालिका कास्कीको स्थापना दिवस २०७८ फाल्गुण २३ गतेदेखी २८ गतेसम्मको लागी गठित विभिन्न समितिहरुको रिपोर्टिङ्गका आधारमा सम्पुर्ण तयारी पुरा भएकोले सभ्य र भव्य रूपमा मनाउने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७८।०७९-१०।०२**

प्रस्ताव नं २०७८।०७९-१०।०२ माथी छलफल गर्दा गाउँपालिकामा निम्नानुसारका समिति गठन गर्ने निर्णय गरियोः

निम्नः

क) शिक्षा ऐन, २०२८ को दफा ११ ट बमोजिम रूपा गाउँपालिका गाउँ शिक्षा समितिः

अध्यक्षः गाउँपालिका अध्यक्ष श्री नवराज ओझा
सदस्यहरुः वडाअध्यक्ष श्री रामजी अधिकारी
कार्यपालिका सदस्य श्री सरिता सुनार
सदस्य श्री तिल ब खड्का
दलित सदस्य श्री दुर्गा विक
महिला सदस्य २ जना पछी नियुक्त गर्ने
प्रधानाध्यापकहरु मध्येबाट श्री भरतमणी भट्टाराई
शिक्षक श्री पार्वती ढुङ्गाना
अन्य सदस्यहरु पछि नियुक्त हुने गरी ।

सदस्य सचिव श्री सन्दिप पौडेल

ख) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० बमोजिमको स्थानीय बाल अधिकार समितिः

अध्यक्षः गाउँपालिका उपाध्यक्ष श्री लालसुब्बा गुरुङ

सदस्यहरुः श्री विना ढुङ्गाना रूपा १

अन्य सदस्यहरु समितिको अध्यक्षले तोकेबमोजिम बाँकी ६ वटा वडाबाट कम्तिमा १।१ जनाको प्रतिनिधित्व हुनेगरी

सदस्य सचिव महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारी श्री सिता सापकोटा

ग) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिमको स्थानीय बाल कल्याण अधिकारी महिला तथा बालबालिका हेर्ने शाखा प्रमुख पदेन सदस्य हुनेगरी हालको लागी श्री सिता सापकोटालाइ नियुक्त गर्ने ।

घ) रूपा गाउँपालिका खेलकुद विकास समितिः

अध्यक्षः गाउँपालिका अध्यक्ष श्री नवराज ओझा

उपाध्यक्षः श्री सुन्दर श्रेष्ठ रूपा गाउँपालिका ५ कास्की

अन्य सदस्यहरु पछी नियुक्त हुने गरी ।

सदस्य सचिव श्री अशोक परियार

ङ) रूपा गाउँपालिका रूपा गाउँपालिका युवा परिषद्

अध्यक्षः गाउँपालिका अध्यक्ष श्री नवराज ओझा

उपाध्यक्षः श्री शुरेश गुरुङ रूपा गाउँपालिका ६ कास्की

अन्य सदस्यहरु पछी नियुक्त हुने गरी ।

सदस्य सचिव श्री अशोक परियार

**कार्यपालिका निर्णय नं २०७८।०७९-१०।०३**

प्रस्ताव नं २०७८।०७९-१०।०३ माथी छलफल गर्दा नेपाल सरकार शसर्त अनुदान तर्फ निम्न विद्यालयहरुबाट प्रस्ताव पेश भएकोमा निम्नानुसार छनौट गर्नेः

निम्नः

| आ व २०७८/०७९ मा माग भएका कार्यक्रम प्रस्ताव विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र सं | कार्यक्रम | बजेट रू | प्रस्ताव पेश गर्ने विद्यालय | विनियोजन गर्न सकिने रकम | कैफियत |
| १ | विज्ञान प्रयोगशाला अनुदान | ६ लाख ५० हजार | श्री विश्वशान्ति मा वि रूपा ५ | ६ लाख ५० हजार एक विद्यालयलाई | |
| | | | श्री शिवालय मा वि रूपा २ | | |
| | | | **श्री चन्द्रप्रभा मा वि रुपा ६** | | **स्विकृत** |
| | | | श्री कालिका मा वि रूपा १ | | |

रुपा गाउँपालिका कास्की

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पुस्तकालय अनुदान | ६ लाख ५० हजार | श्री रूपाज्योति मा वि रूपा ६ | ६ लाख ५० हजार एक विद्यालयलाई | स्विकृत |
| ३ | ICT प्रयोगशाला अनुदान | ६ लाख ५० हजार | श्री जनता मा वि रूपा ३ | ६ लाख ५० हजार एक विद्यालयलाई | स्विकृत |
| ४ | उत्कृष्ट विद्यालय अनुदान | २ लाख | श्री रूपाज्योति मा वि रूपा ६ | २ लाख एक विद्यालयलाई | स्विकृत |
| ५ | कार्यसम्पादनमा आधारित अनुदान | ५० हजार | श्री बागेश्वरी आ वि रूपा ३ | ५० हजार ५ विद्यालयलाई | स्विकृत |
| | | ५० हजार | श्री ज्योतिप्रकाश आ वि रूपा ६ | ५० हजार ५ विद्यालयलाई | स्विकृत |
| | | ५० हजार | श्री ईन्द्रायणी आ वि रूपा ७ | ५० हजार ५ विद्यालयलाई | स्विकृत |
| | | ५० हजार | श्री शारदा आ वि रूपा ६ | ५० हजार ५ विद्यालयलाई | स्विकृत |
| | | ५० हजार | श्री सूर्योदय आ वि रूपा ६ | ५० हजार ५ विद्यालयलाई | स्विकृत |

**कार्यपालिका निर्णय नं २०७८।०७९-१०।०४**

प्रस्ताव नं २०७८।०७९-१०।०४ माथी छलफल गर्दा निम्नानुसारको बजेट रकामान्तर गरी आगामी गाउँसभामा अनुमोदनको लागी पेश गर्ने:

निम्न:

| क स | हालको शिर्षक | बजेट रु |
|---|---|---|
| १ | भैपरी आउने चालू खर्च तर्फ | १ करोड ४७ लाख मात्र |

रकामान्तर गर्ने शिर्षकहरु

| क स | रकामान्तर गर्ने शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | रामबजार शिर्कुतान मोटरबाटो मर्मत | ८ लाख | |
| २ | तालबेशी हाङ्गे बाङ्गे रामकोट माझवेशी ठुलबेशी सडक ग्राभेल योजना | १० लाख | |
| ३ | पास्ते तमु समाज घर च्यार्पे भवन निर्माण रूपा १ | २ लाख | थप गर्ने |
| ४ | मादी वृद्धि एकिकृत समाज घर | २ लाख | |

| | | | |
|---|---|---|---|
| ५ | पोल्याङ्ग ठाँटिधर देखी तिजको मुहान जाने बाटो निर्माण | २ लाख ५० हजार | |
| ६ | विलमहादे कोइराले मनोहरी सडक रूपा ३ | २ लाख ५० हजार | |
| ७ | धामिगाउँ खेलकुद मैदान घेराबार | २ लाख ५० हजार | |
| ८ | रामदी माउँडाँडा सडक मर्मत | ३ लाख | |
| ९ | कालिका आमा समूह चिसापानी सोलार मिल भवन निर्माण | २ लाख | |
| १० | कालिका आमा समूह भवन निर्माण | २ लाख | |
| ११ | डाडाँको मूख फेदी मोटरमार्ग निर्माण | २ लाख | |
| १२ | सिद्धार्थ क्लब भवन निर्माण | २ लाख ५० हजार | |
| १३ | जोगिमणी मन्दिर ट्रस्ट निर्माण | २ लाख | |
| १४ | गाउँपालिकादेखी हात्तिमैता जोड्ने सिढिँबाटो निर्माण | ३ लाख | |

**कार्यपालिका निर्णय नं २०७८।०७९-१०।०५**

प्रस्ताव नं २०७८।०७९-१०।०५ माथी छलफल गर्दा नेपाल सरकार अन्तर्गतको REED परियोजना मार्फत प्रस्ताव माग भएबमोजिम कृषि प्रयोगशाला सहितको भवन निर्माणको लागी रूपा गाउँपालिका कास्कीको वडा नं ६ फालभञ्याङ्गमा रहेको ९१ रोपनी जग्गा मध्येबाट आवश्यक जग्गा उपलब्ध गराउने निर्णय सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-१०।०६**

प्रस्ताव नं २०७८।०७९-१०।०६ माथी छलफल गर्दा रूपा गाउँपालिकाभित्र अनुदानमा वितरण गर्ने गरी खरिद प्रक्रियामा रहेको UV टनेल प्लाष्टिक कोरोना महामारीका कारण सम्झौताअनुसारको समयमा प्राप्ती इन्टरप्राइजेजबाट प्रदान गर्न नसकेको कारण म्याद थपको लागी निवेदन पेश गरेकोमा गाउँ कार्यपालिकाको कार्यालयको सिफारिस अनुसार २०७८ चैत्र २० सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-१०।०७**

प्रस्ताव नं २०७८।०७९-१०।०७ माथी छलफल गर्दा आजको बैठक समापन गर्ने ।

मिति २०७८ साल फाल्गुण २० गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका कास्की